# कोहलपुर नगरपालिका

प्रथम नगर सभा
२०७४ भाद्र १३

आ व २०७४/७५ को बजेट बक्तव्य

कोहलपुर नगरपालिकाको प्रथम नगर सभाका सभाध्यक्ष ज्यु , यस सभामा उपस्थित नगर सभाका सम्पुर्ण सभासद् ज्युहरु म यहाँहरु सबैलाई हार्दिक अभिवादन गर्दै आ. व. २०७४/०७५ को आय-व्ययको बजेट पेश गर्ने अनुमति चाहन्छु ।

आदरनीय सभाध्यक्ष ज्यु,

१.सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको स्वशासनको चाहानाको पृष्ठभूमिमा विगत कालखण्डका विभिन्न तथा वि सं २०६२/६३ को जनआन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको उदय भई ऐतिहासिक संविधान सभाबाट जारी नेपालको संविधानबाट संघीय संरचनाको स्वरुपको शासन व्यवस्थाको सुनिश्चितता भएको छ । यसै सन्दर्भमा भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनबाट स्थानीय तहमा अधिकार, जिम्मेवारी तथा श्रोत साधन सम्पन्न स्थानीय सरकारको गठन सम्पन्न भएको छ । यस परिप्रेक्षमा एकातिर स्थानीय तहमा जनताको चाहाना अनुसार जनताकै घरदैलोमा स्थानीय स्तरमा जनतालाई सेवा सुविधा पुगाउनु पर्ने तथा अर्कोतर्फ आर्थिक सामाजिक भौतिक लगाएतका क्षेत्रको उन्नति गर्दै सन्तुलित विकासका माध्यमबाट समृद्धिको मार्गमा प्रस्थान गर्नुपर्ने व्यापक जिम्मेवारी स्थानीय सरकारका सामु खडा छ । यी र यस्तै जिम्मेवारी बहनको सुरुवाति अवस्थामा कोहलपुर नगरपालिकाको आ. व. २०७४/०७५ को आय-व्ययको बजेट यस कोहलपुर नगरपालिकाको गरिमामय प्रथम नगर सभामा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेकी छु ।

२.शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउन र लोकतन्त्र र स्वतन्त्रताको रक्षाको लागि आफ्नो जीवन उत्सर्ग गरी विभिन्न जनआन्दोलनहरुमा वीरगति प्राप्त गर्नुहुने ज्ञात अज्ञात सम्पुर्ण सहीदहरु प्रति म हार्दिक सद्धासुमन अर्पन गर्न चाहन्छु ।

३.बाँके जिल्लाको उत्तर पश्चिम कुनामा अवस्थित कोहलपुर नगरपालिका साविकमा रझेना ग. वि. स. र कोहलपुर ग.ा वि. स. एकीकरण भई वि सं २०७१ साल बैशाख २५ गते पहिलो पटक नगरपालिका घोषित भएको थियो । पछिल्लो पटक स्थानीय तहको पुनःसंरचना पश्चात साविकको कोहलपुर नगरपालिका र संशेरगञ्ज गा वि स एकीकरण भई वि सं २०७३ साल फाल्गुन २७ गते देखि यो नगरपालिका एक स्वायत्त स्थानीय तहको रुपमा स्थापित भएको छ । जम्मा ७०,६४७ जनसंख्या तथा कुल १८४.२६ बर्ग किलोमिटर क्षेत्रफल ओगटको यस नगरपालिकामा हाल १५ वटा वडाहरु कायम रहेका छन् ।

४.थारु, क्षेत्री, ब्राह्मण, दलित, मधेशी , आदिबासी जनजाति, मुश्लिम लगाएत लोपोन्मुख बर्गमा पर्ने केहि थोरै संख्याको राजी जाति समेतको बसोबास रहेको यस नगरपालिकामा मिश्रित बसोबास रहेको छ । तराईको समथर भुभाग, उत्तरतर्फ जंगलक्षेत्र रहेको यो नगरपालिका नेपालको ५ नं, ६ नं, र ७ नं प्रदेशको यातायातको हबको रुपमा रहेको छ ।

५.तीब्र सहरीकरण तथा बसाईसाराईको उच्च चाप भएको यस नगरपालिकामा यातायात, विद्युत खानेपानी, ढल निकास, संचार, स्वास्थ्य, सिक्षा लगाएतका पुर्वाधारहरुको विकास योजनाबद्ध रुपमा गर्नु पर्ने टड्कारो आवश्यक्ता  एकातिर रहेको छ भने अर्कोतिर अव्यवस्थित बसोबासका कारण सृजित सरकारी, ऐलानी तथा पर्ति जग्गाको अतिक्रमणका वीचमा त्यस्ता जमीनको संरक्षण गर्नुपर्ने चुनौतिपुर्ण दायित्व नगरपालिकाका सामु  विद्यमान छ ।

६.एकातिर विभिन्न जिल्लाबाट बसाई सरी आएका शिक्षित र सम्पन्न वर्ग अर्कातर्फ गरीव, विपन्न र आर्थिक सामाजिक अवस्था कमजोर भएका उपेक्षित उत्पीडित थारु दलित जनजाति लगायतका वर्गहरुका बीच बर्गीय विषमता भएको सामाजिक संरचनामा  न्यायोचित र बुद्धिमत्तापुर्ण तवरले विकास गतिविधिहरु अधि वढाउनु पर्ने अवस्था विद्यमान रहेको छ ।

७. कृषि क्षेत्रको विकास, विस्तार र बजारीकरणको प्रसस्त सम्भावनाका बाबजुद समथर र उर्वर कृषियोग्य जमिन हुँदाहुँदै पनि सिचाईको पर्याप्त सुविधा विस्तार नभैसकेको अवस्थामा कृषि तथा पशुपालन व्यवसयायको विकास र विस्तारलाई प्राथमिकताका साथ अधि वढाउनु पर्ने आवश्यक्ता रहेको छ । अर्केतर्फ कृषि, पशुपालन र बनमा आधारित घरेलु, साना तथा कुटिर उद्योगको विकासबाट रोजगारी एवं आयआर्जनका अवसरहरुको सृजना  गर्न पनि उत्तिकै आवश्यक देखिन्छ ।

८. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पर्याप्त  आन्तरिक श्रोतको खोजी गरी  बन तथा वातावरणको संरक्षण गर्दै पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, एकीकृत सहरी विकास, उद्योग व्यापार लगाएत विभिन्न क्षेत्रको सन्तुलित विकासलाई एकैसाथ समानान्तर रुपमा अधि वढाउनु अहिलेको प्राथमिकता र आवश्यक्ता देखिएको छ ।

९.हालसम्म एउटै केन्द्रबाट मात्र उपलब्ध हुदै आएका नगरपालिकाबाट उपलब्ध हुने विभिन्न किसिमका सिफारिहरु एवं  व्यक्तिगत घटना दर्ता लगाएतका सेवाहरु  स्थानीय तहको निर्वाचन संपन्न भै सकेपछि जनप्रतिनिधिका माध्यमबाट वडास्तरमै सहज र सरलरुपमा उपलब्ध हुनेछ भन्ने जन अपेक्षा रहेको भएता पनि जनशक्ति, कार्यालय भवन, फर्निचर, कार्यालय उपकरण लगाएतका संस्थागत पुर्वाधारको विकास नभएका कारण हालसम्म पनि वडास्तरमा यस्ता सेवाहरु सहजरुपमा  पुर्‍याउन सकिएको छैन । कोहलपुर नगरपालिकामा हाल १५ वटा वडाहरु रहेकामा वडा नं १देखि ६ सम्मको एक केन्द्र, वडा नं ७,८,९,११,१२,१३ का लागि एक केन्द्र, वडा नं १०का लागि एक केन्द्र र वडा नं १४र १५ का लागि एक केन्द्र गरी  जम्मा चार वटा वडा कार्यालयहरुबाट मात्र सेवा प्रदान गर्न सकिएको अवस्था छ । कार्यालयको आफ्नै कार्यालय भवन नभएका कारण भाडाको घरमा कार्यालय संचालन गर्नुपर्दा पर्याप्त कार्यलय कक्षहरु, बैठक कक्ष, स्टोर लगाएतको स्थानको अभावका कारण कार्य संपादनका असहजता र कठिनाइ उत्पन्न भएको छ ।  अर्कोतर्फ शिक्षा स्वास्थ्य कृषि लगाएतका विषयगत कार्यालयहरु संचालन गर्न कार्यालय भवनको अभाव देखिएको छ ।

१०. स्थानीय शासन ऐन समयमा नआउँदा पदाधिकारीहरुको अधिकार  तथा जिम्मेवारी वहन तथा कार्य सम्पादनमा अन्योलताको स्थिति रहेको छ भने न्यायिक समिति गठनमा ढिला भैरहदा संविधानले परिकल्पना गरेको स्थानीय तहबाट हुने न्याय संपादनको काम गर्न सकिएको छैन ।

११.बजेटका प्रचलित सिद्धान्त, मुल्य एवं मान्यताहरुलाई आत्मसाथ गरी तथा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गरिएको **स्थानीय तहको योजना तथा बजेट तर्जुमा**

**दिग्दर्शन, २०७४** को अनुशरण गर्दै आ. व. २०७४/०७५ को यो बजेटको खाका तयार गरिएको छ। नेपालको संविधानमा उल्लिखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरु, मौलिक हकहरु, चौधौ राष्ट्रिय योजनाका प्राथमिकताहरु, राष्ट्रिय विकासको लक्ष्य तथा नेपाल सरकारको आ व २०७४/०७५ को बजेट नीतिलाई समेत आधार मानी स्थानीय आवश्यक्ता र जनचाहाना अनुरुप Buttom to Top Approach एवं सहभागितात्मक तथा पारदर्शी पद्धतिबाट यो बजेट तर्जुमा गरिएको छ।

१२. आ. व. २०७४/०७५ को यस बजेटका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन्।

- स्थानीय पुर्वाधारहरुको विकास र विस्तार गर्ने
- रोजगारी तथा स्वरोजगारीको श्रृजना गर्ने
- उत्पादन र उत्पादकत्व बृद्धि गर्ने
- कोहलपुर नगरको पहिचान स्थापित हुने खालका तथा गौरबका योजनाहरु सञ्चालन गर्ने
- कृषिको आधुनिकीकरण व्यावसायीकरण र यान्त्रिकीकरण गर्ने
- नगरपालिकाका सवै वडाहरुमा स्तरीय सडकमार्गको विस्तार गर्ने
- पर्यटन पुर्वाधारको विकास र प्रवर्धन गर्ने
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवाको अधिवृद्धि गर्ने
- आधुनिक र व्यवस्थित सहरीकरण गर्ने
- सक्षम र सुदृढ स्थानीय सुशासन तथा सेवा प्रवाहको विकास गर्ने

१३. आ व २०७४/०७५ को यस बजेटका प्राथमिकताका आधारहरु यस प्रकार रहेका छन्।

- आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने
- राजस्व परिचानका योगदान पुर्याउने
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितामा अभिबृद्धि गर्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- दीगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने
- समुदायलाई विपद तथा जलबायु परिवर्तन उत्थानशील बनाउने
- कोहलपुर क्षेत्रको संस्कृति र पहिचान प्रवर्धन गर्ने
- विगतमा सञ्चालनमा आएका तथा अधुरा रहेका योजना पुरा गर्ने

१४. आ. व. २०७४/०७५ को यस बजेटका प्रमुख चुनौतिहरु यस प्रकार रहेका छन्।

- जनताको विकास प्रतिको तीब्र र अत्यधिक चाहाना
- सीमित श्रोत साधन
- राजस्व परिचालनमा कठिनाई

- ❖ तीव्र शहरीकरण
- ❖ सुकम्बासी तथा भूमिहीनहरुको अव्यवस्थित तथा अतिक्रमित बसोबास
- ❖ प्राकृतिक विपद तथा प्रकोप
- ❖ कमजोर संस्थागत क्षमता

१५. आ. व. २०७४/०७५ को यस बजेटका लागि प्रमुख संभावनाहरु यस प्रकार रहेका छन्।

- ➢ राजस्वको व्यापक क्षेत्र र दायरा
- ➢ विकासमा उल्लेख्य जनसहभागिता
- ➢ आन्तरिक तथा बाह्य पर्यटन व्यवसायको संभावना
- ➢ नेपालको मध्य तथा सुदुर क्षेत्रको यातायातको हब
- ➢ स्वास्थ्य सेवा, शिक्षा तथा व्यापारिक केन्द्र
- ➢ कृषि तथा पशुपालनमा बजारीकरणको संभावना

आदरनीय सभाध्यक्ष ज्यु ,

अव म गत आ. व. २०७३/०७४ को यथार्थ आय व्यय र आ. व. २०७४/०७५ को आय-व्यय बजेट प्रस्तुत गर्न चाहन्छु।

१६.आ. व. २०७३/०७४ मा राजस्वको लक्ष्य रु ३,५०,००,०००।-(तीन करोड पचास लाख) रहेकोमा राजस्व संकलन रु २,६३,३५,९५१।५० ( दुइकरोड त्रिसठ्ठीलाख पैतिसहजार नौसय एकाउन्न र पचास पैसा) रहेको थियो। यो रकम कुल लक्ष्यको ७५ प्रतिशत रहेको थियो।

चालु खर्चतर्फ रु. १,२५,७९,०००।- (एक करोड पच्चिसलाख उनासीहजार ) विनियोजन भएकोमा खर्च रु. १,१३,७६,५७६।६८( एक करोड तेह्रलाख छैहत्तरहजार पाचसय छैहत्तर र अठसठ्ठी पैसा) भएको थियो। यो विनियोजित बजेटको ९०।४४ प्रतिशत हुन आउँछ। विकास तथा पुजिगत खर्चतर्फ कुल रु.१३,२२,८०,५७०।-( तेह्रकरोड बाईसलाख असीहजार पाँचसय सत्तरी ) विनियोजन भएकोमा खर्च रु ८,४१,६५,४७२।५२ ( आठकरोड एकचालीसलाख पैसठ्ठीहजार चारसय बहत्तर र बाउन्न पैसा) मात्र भएको थियो। यो विनियोजित बजेटको ६३।६२ प्रतिशत हुन आउँछ। सामाजिक सुरक्षा कार्यक्रम तर्फ कुल रु.६,७७,२२,०००।- (छकरोड सतहत्तरलाख बाईसहजार ) बजेट निकासा प्राप्त भएकोमा रु ५,२३,९१,८००।-( पाँचकरोड तेइसलाख एकानब्बेहजार आठसय ) खर्च भएको थियो। आ. व.२०७३/०७४ को यथार्थ आय-व्ययको विस्तृत विवरण अनुसुची १ मा संलग्न छ।

१७. आ. व. २०७४/०७५ का लागि राजस्व तर्फ राजस्व परामर्श समितिको सिफारिसमा कुल रु ४,४८,७०,०००।- ( चारकरोड अठ्चालीसलाख सत्तरीहजार ) को लक्ष्य राखिएको छ। यो गत आ. व. को लक्ष्य भन्दा २८।२० प्रतिशत बढी हो। राजस्वको लक्ष्य संवन्धी विस्तृत विवरण अनुसूची २ मा संलग्न छ। आ. व. २०७४/०७५ का लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त बजेट अख्तियारी अनुसार सशर्त अनुदान तर्फ रु. १०,०८,७५,०००।- (दशकरोड आठलाख पचहत्तरहजार ) र वित्तीय समानीकरण अनुदान तर्फ रु.३२,२०,०६,०००।- ( बत्तीसकरोड बीसलाख छहजार) गरी कुल जम्मा रु. ४२,२८,८१,०००।- ( बयालीसकरोड अट्ठाईसलाख एकासीहजार )

अनुदान प्राप्त हुने अनुमान गरेकी छु । यस्तै गत वर्ष विभिन्न अनुदान शीर्षकमा प्राप्त भएको निकासा रकममा खर्च नभई बाँकी रहन गएको मौज्दात रकम रु ३,२४,००,०००।- ( तीनकरोड चौबीसलाख) भएकोमा यी सवै शीर्षकहरु गरी आ. व. २०७४/०७५ को कुल बजेट रु ५०,०१,५१,०००।- ( पचासकरोड एकलाख एकाउन्नहजार ) हुने अनुमान गरेकी छु । बजेटको श्रोतगत बाँडफाँड अनुसूचि ३ मा समावेश छ ।

१८. आ. व. २०७४/०७५ को कुल अनुमानित बजेट मध्ये प्रशासनिक तथा चालुखर्च तर्फ रु. ८,७९,६७,२००।- ( आठकरोड उनासीलाख सत्सट्ठीहजार दुईसय ) र विकास तथा पुजिगत खर्च तर्फ रु ४१,२१,८३,८००।- ( एकचालिस करोड एक्काईसलाख त्रियासीहजार आठसय ) विनियोजन गरिएको छ । चालु खर्चको विनियोजनको विस्तृत विवरण अनसुची ४ मा तथा विकास तथा पुजिगत खर्चको विनियोजनको विस्तृत विवरण अनुसूची ५ मा राखिएको छ । वित्तिय व्यवस्था तर्फ कुनै रकम विनियोजन गरिएको छैन । कुल विकास तथा पुजिगत बजेटको क्षेत्रगत विनियोजन निम्न अनुसार रहेको छ ।

| | | |
|---|---|---|
| आर्थिक विकास | २१६४५०००।- | (दुईकरोड सोह्रलाख पैतालिसहजार ) |
| सामाजिक विकास | ११४१०९०००।- | (एघारकरोड एकचालिस चाख नौहजार ) |
| पुर्वाधार विकास | २३०९२९८००।- | (तेईस करोड नौलाख उन्तिसहजार आठसय ) |
| वातावरण तथा विपद व्यवस्थापन | १७५०००००।- | (एककरोड पचहत्तरलाख ) |
| संस्थागत विकास तथा सेवा प्रवाह | २६००००००।- | ( दुईकरोड साठीलाख ) |
| वित्तीय व्यवस्थापन तथा सुशासन | २००००००।- | ( बीसलाख ) |

१९. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान बजेट रु.१०,०८,७५,०००।- ( दशकरोड आठलाख पचहत्तरहजार ) को बजेटमा कार्यक्रम, क्रियाकलाप तथा बजेट रकम नै तोकी पठाएकोमा जे जस्तो अवस्थामा नगरपालिकालाई बजेट तथा कार्यक्रम प्राप्त भएको थियो सोही अनुसार नै यस बजेटमा समावेश गरिएको छ ।

२०.आ. व. २०७४/०७५ लाई **पुर्वाधार निर्माण अभियान वर्षका** रुपमा मनाउने प्रस्ताव गरेकी छु । विकास तथा पुजिगत खर्चतर्फ कुल विनियोजित बजेट मध्ये रु.२३,०९,२९,८००।-( तेइस करोड नौलाख उन्तिसहजार आठसय ) अर्थात विनियोजित कुल विकास तथा पुजिगत बजेटको ५६ प्रतिशत बजेट **पुर्वाधार विकास तर्फ** विनियोजिन गरिएको छ । श्रोत साधनले भ्याएसम्म नगरपालिकाका सवै वडाहरुमा कालोपत्रे सहितको पक्कीबाटो निर्माणका गौरवका आयोजनाको रुपमा आवश्यक बजेट विनियोजन गरिएको छ । यसका साथै सवै गाउँ बस्ती तथा टोलहरुमा सडक पुग्नेगरी आवश्यक बजेट प्रस्ताव गरेकी छु । यस्तै गत आ. व. मा सञ्चालनमा रही सम्पन्न हुन नसकेका सानो डडुवा बक्स पुल, कोहलपुर चौराहा निर्माण तथा कार्यालय भवन फिनिसिङ कार्य १ का लागि समेत आवश्यक रकम विनियोजन गरिएको छ ।

२१. कोहलपुर क्षेत्रको पहिचान झल्किने गरी कोहलपुर चौराहामा पार्क निर्माण गरिनेछ जसमा बाघको प्रतिमा तथा कोलको प्रतिमूर्ति स्थापना गरिनेछ त्यस्तै रक्षा सामुदायिक वनमा शान्ति बाटिका (Peace Park) निर्माण गरिनेछ। यसका लागि रु ४२ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

२२. कोहलपुर नगरक्षेत्रको वडा नं ११ बजारक्षेत्रको वीचमा रहेको गोलपार्कमा एक आधुनिक घण्टाघर स्थापना गरिनेछ। यसका लागी रु. ३० लाख रकम यसै बजेटमा विनियोजन गरिएको छ।

२३. कोहलपुर नगरपालिकाको आवधिक योजनाको भाग १ को रुपमा रहेको नगर पार्श्वचित्र (City Profile) तयार गर्ने काम पुरा भएको र यसै आ. व. मा नगरको समग्र विकासका लागि मध्यकालीन खर्च संरचना (MTEF) सहितको दीर्धकालिन तथा आवधिक योजना तयार गरिने छ । यसका माध्यमबाट प्राथमिकता प्राप्त आयोजनाहरुमा श्रोतको अभाव नहुने किसिमको योजना प्रकृया अवलम्वन गरिनेछ।

२४. पुर्वाधार विकास तर्फ एक जगेडा समपुरक कोष स्थापना गरिने छ । नेपाल सरकार वा अन्य विकास साझेदार स्वदेशी तथा विदेशी संघ संस्थाबाट साझेदारीमा विकासका प्रस्ताव प्राप्त भएमा यस कोषबाट रकम खर्च गरी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२५.कृषि र पशुपालन व्यवसायको विकास, सेवा प्रवाह तथा विस्तार एवं प्रवर्धनका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

२६. सवै क्षेत्रको सन्तुलित विकास होस भन्ने हेतुले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकूल, संस्कृति, पर्यटन लगाएतका सवै क्षेत्रको विकासका लागि आवश्यक्ता अनुसार बजेट विनियोजन गरिएको छ।

२७. समाजमा उपेक्षित र उत्पीडित अवस्थामा रहेका तथा लक्षित वर्गहरु महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेशी, मुश्लिम, जेष्ठ नागरिक, अपाङ्ग लगाएतको सशक्तीकरण र विकासका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

२८. कोहलपुर नगरमा थारु जातिको बसोबास धेरै भएको र थारु सभ्यता र संस्कृति कोहलपुरको पहिचान समेत भएकोले थारु संग्रहालय निर्माण, थारु संस्कृतिको जगेर्ना तथा थारु संस्कृतिमा आधारित होम् स्टेका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

२९.हरेक वर्ष बाढी तथा डुबान एवं सिक्टा सिचाईको नहरका कारण पानीको प्राकृतिक वहाव थुनिदा समेत धेरै धनजनको क्षति हुने गरेको दुखद अवस्थालाई मनन गरी उद्धार तथा राहतका लागी आवश्यक रकम विनियोजन गर्नुका साथै नदी कटान नियन्त्रणका लागि तटबन्ध निर्माणमा रु. एककरोड तीसलाख रकम विनियोजन गरिएको छ।

३०.वातावरण संरक्षण, भू संरक्षण र हरियाली प्रवर्धनका माध्यमबाट सहरी सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले वृक्षारोपन, बन विकास, पार्क निर्माण, नर्सरी व्यवस्थापन लगाएतका कार्यका लागि रकम विनियोजन गरिएको छ।

३१. जनताको प्रत्यक्ष सरोकारसंग संवन्ध राख्ने विषय जनताहरुलाई वडा कार्यालय तथा कार्यालयबाट दिइने सेवा प्रवाहलाई छिटो, छरितो ,चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न

आवश्यक छ । अतः कार्यालय तथा वडा कार्यालयहरुको मर्मत सुधार कार्यालय फर्निचर, मेसिनरी, औजार उपकरण, सवारी साधन, अन्य भौतिक सामाग्रीहरु समेतको पर्याप्त व्यवस्था गर्न आवश्यक भएकाले यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यस्तै गरी कार्य संपादनमा प्रभावकारीता ल्याउन पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता विकाससंग संवन्धित कार्यक्रमका लागि पनि रकम विनियोजन गरिएको छ ।

३२.कार्यालयलाई वढी भन्दा वढी सेवाग्राही मैत्री बनाउन विभिन्न उपायहरु अवलम्बन गरिनेछ। यसका लागि कार्यालयमा आगन्तुक तथा सेवाग्राहीहरुका लागि सफा पिउने पानीको व्यवस्था, प्रतिक्षालय, गोलघर, विद्युतीय सूचना पाटी (Digital Display Board) , विद्युतीय टोकन प्रणाली,नागरिक सहायत कक्ष (Help Desk), टेलिभिजन, पंखा लगायतको व्यवस्था गरिनेछ ।

३३.राजस्व संकलन तथा परिचालनलाई प्रभावकारी बनाउँन कोहलपुर उद्योग व्यापार संघसंग सहकार्य गर्ने रणनीति लिइएको छ। यस अंतरगत उद्योग तथा बाणिज्यको प्रवर्धनका लागी रकम विनियोजन गरिएको छ।

३४.आन्तरिक श्रोत परिचालन क्षमताको विकासबाट श्रोत साधनको बृद्धि गर्न राजस्व संकलनका लागि विभिन्न सरकारी गैह्रसरकारी संघ संस्था लगाएतसंग सहयोग लिई तथा सहकार्य गरी राजस्व संकलनलाई प्रभावकारी बनाई श्रोतको अभाव हुन नदिन करदाता शिक्षा, करदाता सम्मान लगाएतका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ। यसै आ. व. बाट एकीकृत संपत्तीकर लागु गरी करको दायरा तथा क्षेत्र बृद्धि गरिनेछ।

३५.श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरु हासिल गर्न र नगरबासीहरुलाइ सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्य अनुसारको राजस्व संकलन हुन आवश्यक छ । अतः म यसै बजेट बक्तव्यमार्फत कोहलपुर नगरपालिकाका समस्त करदाताहरुमा समयमै तोकिएको कर रकम तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु।

३६.नगरबासीहरुका विकासका अनगिन्ती चाहनाहरु बीच सिमित श्रोतसाधनबाट बजेट तयार गर्दा सवै चाहाना र आवश्यक्ताहरु एकैचोटी संवोधन गर्न सकिने अवस्था रहदैन। प्राथमिकता र आवश्यक्ताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । आवश्यक्ता र चाहनाहरु क्रमिकरुपमा निरन्तर पुरा हुँदै जाने विषय हुन । अतः यस कुरालाई सकारात्मकरुपमा लिनुहुन म सवैमा अनुरोध गर्दछु।

३७.बजेट तर्जुमा संगसंगै यसको कार्यान्वयन अर्को महत्वपुर्ण पाटो हो । लक्षित कार्यक्रमहरु समयमै प्रभावकारी रुपमा संचालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सवैमा म हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद ।

सञ्जुकुमारी चौधरी
नगर उपप्रमुख
कोहलपुर नगरपालिका